# प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालको पदवहाली पश्चात नेपाल प्रहरीले हाँसिल गरेका मुख्य उपलब्धिहरू

(२०७५ बैशाख १ देखि २०७५ चैत्र ३० गते सम्म)

## १. शान्ति सुरक्षा प्रहरी कारवाही

- मिति २०७४।१२।२९ गते देखि २०७५ फाल्गुण २८ गते सम्म बिप्लब समूहका कार्यकर्ता पक्राउ संख्या ५३९ जना, मुद्धा दर्ता संख्या ३७४ जना।
- मिति २०७५।१२।२९ गते प्रतिबन्ध पश्चात पक्राउ संख्या १६२ जना, मुद्धा दर्ता ८९ जना।
- विभिन्न आतंककारी तथा विध्वसांत्मक गतिविधीमा संलग्न नेकपा(विप्लव समुह) का नेता तथा कार्यकर्ताहरुलाई कानुन बमोजिम पक्राउ गरी कारवाही गरिएको।
- बिगतमा विखण्डनकारी गतिबिधीमा संलग्न कथित स्वतन्त्र मधेश गठबन्धन (सि.के. राउत समूह) का नेता तथा कार्यकर्ताहरू पक्राउ गरी ९४ जनालाई मुद्दा चलाइएको।
- तत्पश्चात, स्वतन्त्र मधेश गठबन्धन (डा.सि.के. राउत ) ले मिति २०७५।१२।०४ गते जनमत पार्टी घोषणा गरी शान्तिपूर्ण एवं प्रतिस्पर्धात्मक राजनीतिमा प्रवेस गरेको।
- मिति २०७५/१२/१५ र १६ गते काठमाण्डौमा सम्पन्न भएको NEPAL INVESTMENT SUMMIT 2019 मा अन्य सुरक्षा निकाय समेतको समन्वयमा प्रभावकारी सुरक्षाको प्रबन्ध गर्न सफल भएको।
- मिति २०७५/०८/१५ र १६ गते काठमाण्डौमा सम्पन्न भएको एशिया प्यासिफिक सम्मेलनमा सुरक्षाको भरपर्दो व्यवस्था मिलाईएको।
- मिति २०७५/०५/१४ र १५ गते काठमाण्डौमा सम्पन्न भएको बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगको लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो सम्मेलनको सुरक्षा योजना बमोजिम समन्वयात्मक तबरबाट प्रभावकारी सुरक्षा व्यवस्था मिलाइ कार्य सम्पादन गरेको।
- सार्वाजानिक यातायातको क्षेत्रमा रहेको सिण्डिकेट हटाउने नेपाल सरकारको निर्णयको विरोधमा बन्द हड्ताल जस्ता आन्दोलन गर्ने व्यक्तिहरुलाई पक्राउ गरी कार्वाही गरिएको।
- ठिकेदार कारवाही ।।।

**विभिन्न विपद् घटना सम्बन्धि कार्य:**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| **घाईते उद्दार** | ३५ | ३७ | ७२ जना |
| **मृतक उद्दार** | ९ | ० | ९ जना |

## २. अपराध अनुसन्धान:

### सुन सम्बन्धि

- अवैध सुन बरामद : ५३ के.जी. १२९ ग्राम ४९५ मि.ग्रा.

### लागू औषध सम्बन्धि

- **लागू औषध बरामद**

| गाँजा: | चरेस: | हेरोइन | अफिम | |
|---|---|---|---|---|
| ५,८५६ के.जी ६२० ग्राम | २,३६५ के.जी ४१८ ग्राम | ९ के.जी ३८६ ग्राम ७२८ मिलिग्राम, | १७ के.जी, ६१३ ग्राम | ठूलो मात्रमा मनोद्विपक पदार्थ समेत बरामद भएको |

- **लागू औषध दुरुपयोग एवं कारोवारमा संलग्न**

| मानिस पक्राउ | मुद्दा दर्ता |
|---|---|
| ५,१६७ जना | ३,०७० जनालाई |

### मदिरा सम्बन्धि

| तयारी मदिरा | कच्चा मदिरा | नष्ट गरिएको मदिरा |
|---|---|---|
| १०,१६,७६७ लिटर | १४,६९,७७६ लिटर | २४,८६,५४३ लिटर |

### अवैध हात-हतियार सम्बन्धि

| तयारी मदिरा | (साना/ठूला) हतियार | गोली | संलग्न व्यक्तिलाई पक्राउ |
|---|---|---|---|
| | २६६ थान | ६०७ राउन्ड | ३५१ जना |

- **लामो समयदेखि फरार अपराधी पक्राउः** २,३५५ जना
- विभिन्न अपराधमा संलग्न भई फरार अपराधीहरूको खोजतलासको लागी **ईन्टरपोल मार्फत् १६ वटा Red Notice र २५ वटा Diffusion Notice जारी** गरिएको।
- Interpol द्वारा सूचनाको आधारमा नेपालमा अपराध गरी फरार रहेकाहरु मध्ये ५ जनालाई विदेशबाट पक्राउ गरी नेपाल ल्याइएको।
- नयाँ अपराध संहिताको प्रभावकारी कार्यान्वयनका लागि सरकारी वकिलहरुको दोस्रो सम्मेलनमा नेपाल प्रहरीले पर्यवेक्षकको रुपमा सहभागीता जनाएको।
- नेपालका अनुसन्धान कर्ता प्रहरी र अभियोजन कर्ता सरकारी वकिलहरूको प्रथम प्रादेशिक सम्मेलन २०७५ सम्पन्न गरेको ।

## २.१ अपराधको अवस्था

| अपराध शीर्षक | २०७३ फागुन महिना देखि २०७४ माघसम्म | २०७४ फागुन महिना देखि २०७५ चैत्र १५ गते सम्म |
|---|---|---|
| ज्यान सम्बन्धी | ६५७८ | ७७३८ |
| जबर्जस्ती करणी | १८२८ | ३३२६ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | ३८१९ | ५६५५ |
| सामाजिक अपराध | १२३५९ | १४०६२ |
| महिला तथा बालबालिका सम्बन्धी | ८२३ | १५११ |
| सवारी सम्बन्धी | २४३१ | २७११ |
| हातहतियार तथा खरखजजाना | २३७ | २७१ |

## २.२ पक्राउ तथा वरामदको अवस्था

| अपराध शीर्षक | २०७३ फागुन महिना देखि २०७४ माघसम्म | २०७४ फागुन महिना देखि २०७५ फागुनसम्म |
|---|---|---|
| ज्यान सम्बन्धी | १७७८ | २३०७ |
| जबर्जस्ती करणी | १४९२ | २९१४ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | ७१०० | १०२७१ |
| सामाजिक अपराध | १६४५० | १९८७६ |
| महिला तथा बालबालिका सम्बन्धी | ११०८ | १९३३ |
| सवारी सम्बन्धी | १९८४ | २१९७ |

| | | |
|---|---|---|
| हातहतियार तथा खरखजजाना | ३१८ | ३९५ |

**२.३ लागू औषध बरामद**

| **विवरण** | **२०७३ फागुन महिना देखि २०७४ माघ सम्म** | **२०७४ फागुन महिना देखि २०७५ फागुन सम्म** |
|---|---|---|
| गाँजा | ३७५० के.जी. | ६९४५ के.जी. |
| चरेश | १६२० के.जी. | ३१७९ के.जी. |
| हेरोईन/कोकिन | ९ के.जी. | ९ के.जी. ७७८ ग्राम |
| अफिम | ८० के.जी. | २५ के.जी. |
| गाँजा फँडानी | १९०९९ के.जी. | ५९९५६ के.जी. |

**२.४ अवैध हातहतियार तथा विस्फोटक पदार्थ बरामद**

| **हतियार विवरण** | **२०७३ फागुन महिना देखि २०७४ माघ सम्म** | **२०७४ फागुन महिना देखि २०७५ फागुन सम्म** |
|---|---|---|
| पेस्तोल | २९ | ५९ |
| रिभल्भर | ३ | ४ |
| कटुवा | ५९ | ५८ |
| बन्दुक | १३ | २२ |
| भरुवा | १२७ | १८० |
| विस्फोटक पदार्थ | ७११ | * |

**२.५ अवैध हातहतियारका गोली बरामद**

| **हतियार विवरण** | **२०७३ फागुन महिना देखि २०७४ माघ सम्म** | **२०७४ फागुन महिना देखि २०७५ फागुन सम्म** |
|---|---|---|
| पेस्तोल | १५८ | २३० |
| रिभल्भर | ५ | ० |
| कटुवा | ५२ | ५९ |
| बन्दुक | १ | २९२ |
| अन्य गोली | १२३ | ७० |

## ३. राजस्व सङ्कलन:

- प्रहरी कल्याण कोषबाट उपत्यका र बाहिर सञ्चालित पेट्रोलपम्पहरूबाट विविध शीर्षकमा सङ्कलित कर रु २,४१,७४,५३७।१९ दाखिला गरिएको।
- १५,९०,३४५ वटा ट्राफिक कारबाहीबाट रु.१,०२,०५,४०,५०० ( एक अर्व दुई करोड पाँच लाख चालिस हजार पाँच सय) राजस्व संकलन भएको।

## ४. प्रशासनिक कार्यहरू:

- लामो समयदेखि अवरुद्ध रहेको सरुवा बढुवा लगायतका प्रशासनिक कार्यहरू सुचारू गरिएको।

### ४.१ नयाँ नियुक्ति:

- जनपदतर्फ: प्र.नि. ९२, प्र.स.नि. ३२४, प्र.ज. ७७६ र प्र.का.स. ३ जना गरी **११९५ जना**।
- प्राविधिकतर्फ: प्र.ना.उ. ८, प्र.नि. २७, प्र.ना.नि. ४, प्र.स.नि. २ जना गरी **४१ जना**।
- ***दुवै समूहतर्फ गरी १२३६ जना कर्मचारीहरूको नयाँ नियुक्ति गरिएको।***
- १०८ जना प्रहरी निरीक्षक छनौट गरी नियूक्तिको प्रक्रिया अघि बढाइएको,
- प्र.स.नि. ५२४ जना, प्र.ज. ६२४४ जना र प्र.का.स. ४०० जना गरी कुल ७,२७६ जनाको लागि नयाँ भर्नाको दरखास्त आव्हान गरिएकोमा छनौट कार्य भैरहेको।

### ४.२ बढुवा

- जनपदतर्फ: प्र.अ.म.नि. ३, प्र.ना.म.नि. २७, प्र.व.उ. ३६, प्र.उ. ५४, प्र.ना.उ. १२३, प्र.नि. १७९, प्र.ना.नि. ५९९, प्र.स.नि. ८३१, प्र.ह. ४८६९ जना गरी **६७२१ जना**।
- प्राविधिकतर्फ: प्र.अ.म.नि. १, प्र.ना.म.नि. २, प्र.व.उ. ६, प्र.उ. ७, प्र.ना.उ.३६, प्र.नि. ५०, प्र.ना.नि. १३६, प्र.स.नि. २५२, प्र.ह. ३५७ जना गरी **८४७ जना**।
- ***दुवै समूहतर्फ गरी ७५६८ जना कर्मचारीहरूको बढुवा गरिएको।***

### ४.३ सरुवा तथा पदस्थापन

- जनपदतर्फ: प्र.अ.म.नि. ३, प्र.ना.म.नि. १५, प्र.व.उ. ५०, प्र.उ. १७६, प्र.ना.उ. ३०३, प्र.नि. ९१९, प्र.ना.नि. १८०७, प्र.स.नि. ३०१३, प्र.ह. ४१७२, प्र.ज. १८४०७ र प्र.का.स. ४५६ जना गरी **२९३२१ जना**।
- प्राविधिकतर्फ: प्र.नि. ३, प्र.ना.नि. १८६, प्र.स.नि. ४४०जना गरी **६२९ जना**।
- ***जम्मा २९,९५० जना प्रहरी कर्मचारीहरूको सरुवा गरिएको।***
- ***विभिन्न दर्जाका ३८६२ जनालाई आवश्यकता अनुसार काज खटाइएको***

**४.४ तालिममा सहभागिता:**

| | | |
|---|---|---|
| सिनियर प्रहरी अधिकृत | - | १२८९ जना |
| जुनियर प्रहरी अधिकृत | - | ५९४१ जना |
| अन्य दर्जा | - | ११०५४ जना |
| **जम्मा** | - | **१८,२८४ जना** |

- १५ वटा नयाँ पाठ्यक्रम निर्माण र ९ वटा पुराना पाठ्यक्रम परिमार्जन गरिएको ।

**४.५ कारवाही तथा पुरस्कार**

- **कारबाही तर्फ:** १९८० जनालाई विभिन्न कारवाही गरिएको ।
- **पुरस्कार: ४७७४ जना** प्रहरी कर्मचारीहरूलाई पुरस्कृत गरिएको ।

- प्रमुख प्रहरी महानिरीक्षक लगायत उक्त कार्यमा प्रत्यक्ष खटिने प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र सहित नगद पुरस्कारद्वारा सम्मान प्राप्त भएको ।

## ५. नीतिगत कार्यहरू

- नेपाल सरकार गृह मन्त्रालयको च.नं ११७८ मिति २०७४।१२।२२ गतेको पत्र मार्फत २०७४।१२।२१ गते गृह मन्त्रालय (मन्त्रिस्तरीय) निर्णय अनुसार अपराध अनुसन्धान कार्य योजना (Crime Action Plan- CAP) २०७५।०४।०१ गते देखि कार्यान्वयनमा आएको, सो को लागी ८ करोड १४ लाख बजेट निकासा भएको ।
- लैंगिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन तथा कार्य सञ्चालन कार्यविधि, २०७२ लाई परिमार्जन गरी लैंगिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन तथा कार्य सञ्चालन विधि, २०७५ निर्माण गरिएको।
- महिला तथा बालबालिका सम्बन्धी घटनाहरुको विशिष्टिकृत एवं प्रभावकारी सम्बोधनको लागी महिला तथा बालबालिका सेवा केन्द्र रणनीति २०७५ निर्माण गरी देशभर लागू गरिएको ।
- प्रहरी प्रधान कार्यालय परिसर भित्र रहेका सबै विभाग निर्देशनालय तथा महाशाखाबाट छुट्टा-छुट्टै लेखा सञ्चालन हुँदै आइरहेकोमा आर्थिक वर्ष ०७५/०७६ को श्रावणबाट प्रहरी प्रधान कार्यालयको लागी एउटा मात्र लेखा सञ्चालन गरी एक द्वार नीति अवलम्बन गरिएको ।

- संघीय प्रहरी इकाइ कार्यालय, साईबर व्यूरो र मानव बेचबिखन अनुसन्धान ब्यूरोको कार्यादेश निर्माण गरी सोअनुसार कार्यारम्भ गरिएको।
- साईबर व्यूरो र मानव बेचबिखन अनुसन्धान ब्यूरो स्थापना संचालन नियमावलीको मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि पेश गरिएको।
- संघीय प्रहरी ऐनको मस्यौदाको लागि नेपाल प्रहरीको तर्फबाट राय पेश गरिएको।
- नेपाल प्रहरीको संगठन तथा व्यवस्थापन (O&M) समिति गठन गरिएको।
- ८००० जना प्रहरी कर्मचारीको दरबन्दी र ३२४ वटा प्रहरी युनिटको माग गरिएको।

## ६. संरचनागत कार्यहरू:

- मिति २०७५/०२/२७ गतेको नेपाल सरकार मन्त्रीपरिषदको निर्णयानुसार नेपाल प्रहरीमा ३१०१ दरबन्दी नयाँ निकाशा भएको।
- विभिन्न प्रहरी कार्यालयहरूबाट १,४४६ जनाको दरबन्दी प्रादेशिक संरचना अन्तर्गतका कार्यालयहरूमा समायोजन।
- ७५३ स्थानीय तह मध्ये प्रहरी इकाई नभएका ३० स्थानीय तहमा प्रहरी निरीक्षकको नेतृत्वमा १४ वटा स्थानीय तहमा र प्रहरी नायव निरीक्षकको नेतृत्वमा १६ वटा स्थानीय तहमा इलाका प्रहरी कार्यालय नयाँ स्थापना गरी देशभरका सम्पूर्ण स्थानीय तहमा प्रहरी कार्यालय पुऱ्याइएको।
- प्रहरी प्रधान कार्यालयबाट १६८ जना प्रहरी कर्मचारीहरूलाई प्रदेश संरचना अन्तर्गतको कार्यालयहरूमा समायोजन गरिएको।
- प्रदेश प्रहरी कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, प्रदेश सशस्त्र प्रहरी गण, प्रदेश दङ्गा नियन्त्रण प्रहरी गण, प्रदेश ट्राफिक प्रहरी कार्यालय, प्रदेश प्रहरी विद्यालय, नयाँ थप भएका जिल्लाहरू (नवलपरासी (बर्दघाट सुस्ता पूर्व ) र रुकुम ( पूर्वी भाग ) स्थापना तथा सञ्चालनको लागि दरबन्दी निकासा भएको।
- सङ्घीय प्रहरी इकाई कार्यालय सात मात्र कायम गरी अन्य सातलाई प्रदेश संरचना अन्तर्गतका कार्यालयहरू (प्रदेश प्रहरी कार्यालय, प्रदेश प्रहरी तालिम केन्द्र, प्रदेश सशस्त्र प्रहरी गण र प्रदेश दङ्गा नियन्त्रण प्रहरी गण) मा समायोजन गरिएको।
- विशिष्टीकृत सेवा प्रदान गर्न साइबर व्यूरो र मानव बेचबिखन अनुसन्धान व्यूरो स्थापनाको लगि नयाँ दरबन्दी निकाशा भई स्थापना गरिएको।

## ७. आर्थिक नियमितता तथा खरीद

- आ.व. २०७३/०७४ सम्म महालेखा परीक्षकको कार्यालयबाट नेपाल प्रहरीका विभिन्न कार्यालयहरूको नाममा कायम रहेको कुल बेरुजू ६८,४१,७०,०००।०० मध्ये ५८,२५,१८,४०५।९४ (८५.१४%) फछर्यौट गरि बेरुजू फछर्यौटमा सर्वोकृष्ट स्थान हासिल गरी संगठन प्रमुख प्रहरी महानिरीक्षक लगायत उक्त कार्यमा प्रत्यक्ष खटिने प्रहरी कर्मचारीहरुलाई प्रशंसापत्र सहित नगद पुरस्कारद्वारा सम्मान प्राप्त भएको ।

- आ.व. २०७४।०७५ सालसम्म कायम नेपाल प्रहरीतर्फको बेरुजु रु. ६१,१३,८९,०००।– मध्ये २०७५ चैत्र १५ गतेसम्म रु. ४०,९१,१९,९२४।८४ फछर्यौट गरी कुल बेरुजुको ६६.९२% फछर्यौट गरी निर्धारित लक्ष्य अनुरुप आर्थिक अनुसाशनमा निरन्तर सफलता हाँसिल भईरहेको ।

- २०७४ साल चैत्र १५ गते देखि हालसम्म ५२ वटा लाईट सवारी साधन र ३ वटा मोटरसाईकलको लिलामीका लागि मातहत कार्यालयहरुलाई स्वीकृत प्रदान गरिएको ।

- बार्षिक बजेट तथा कार्यक्रम अनुसार पोशाक, लत्ता कपडा, मेशिनरी औजार, फर्निचर समेतको बोलपत्र आह्वान भई खरिद सम्झौता समेत भई निरन्तर कार्य भै रहेको ।

- मानव अधिकारको संरक्षण र संबर्धन गर्दै प्रहरी कारवाहीलाई प्रभावकारी बनाउन सबै प्रदेशमा १/१ थान water canon रहने गरी ५ थान water canon खरिद गरिसकिएको । बाँकी २ थान Water canon खरिद प्रकृयामा रहेको ।

- प्रहरी कार्यालयहरूमा गस्ती-पेट्रोल गर्नको लागि १६ वटा सवारीका साधनहरू खरिद गरिनुका साथै थप ४३ वटा सवारी साधन खरिदको लागि ठेक्का सम्झौता समेत भै सकेको ।

- आ.व. २०७४।०७५ मा १००० वटा मोटरसाइकल खरीद गरि प्रहरी चौकी स्तरसम्म वितरण गर्नुका साथै थप ३४० थान मोटरसाईकल खरिद सम्झौता समेत सम्पन्न भएको ।

- सवारी कारगेट मोटरसाईकल थान ३० खरिदका लागि खरिद सम्झौता सम्पन्न भएको ।

- नयाँ स्थापना गरिएका व्यूरोहरूको लागि औजार एवं उपकरण खरिदको क्रममा रहेको ।

- केन्द्रिय अनुसन्धान व्यूरो, विशेष व्युरो, महानगरीय प्रहरी अपराध महाशाखा, लागु औषध व्युरो, साईवर व्यूरो, मानव बेचबिखन नियन्त्रण व्युरो समेतका लागि Show Money रु. ५५ लाख थप बजेट प्राप्त भई कार्यविधि समेत स्वीकृत भएको ।

- वर्तमान अवस्थामा प्रहरी जनशक्ति व्यबस्थापन गरी विध्वंसात्मक गतिविधि नियन्त्रण गर्न विशेष कार्यविधि स्वीकृत सहित थप ५५ लाख सुरक्षा खर्चका लागि प्राप्त भएको ।

- भौतिक पुर्वाधार निर्माण, Software Development तथा निर्माणका लागि कार्यक्रम स्वीकृत सहित थप बजेट प्राप्त भएको ।
- महानगरीय ट्राफिक प्रहरी कार्यालय तथा मातहतमा कार्यरत ट्राफिक प्रहरीका लागि प्रोत्साहनमा आधारित जोखिम भत्ता कार्यविधि स्वीकृत भई मन्त्रीपरिषदमा निर्णयार्थ प्रस्ताव पेश भएको ।
- अत्यावश्यक सवारी साधन, भौतिक पुर्वाधार निर्माण समेतमा पुष्ट्याई सहित थप बजेट माग गरिएको ।
- आर्थिक कार्यविधि अनुसार LMBIS मा स्वीकृत बजेट कार्यक्रम बमोजिम कार्यान्वयन भए/नभएको एकिन गर्न जिल्ला स्तरमा अनुगमन टोली खटि गई मितव्ययीता र पारदर्शीताको अनुगमन गरिएको ।
- लेखा समुह गठनको लागि आवश्यक पहल भएको तथा लेखा तालीम पूर्व लिईने छनौट परीक्षामा २३० जना सहभागी भएकोमा १९१ जना उतिर्ण भई रोष्टर कायम गरी क्रमस: लेखाप्रमुख खटाईएको ।
- आवश्यकतानुसार लेखातर्फ काम गर्ने लेखाप्रमुख/लेखा सहायकहरुको अह्रन खटन गरिएको ।

## ८. भौतिक पूर्वाधार र बन्दोबस्ती

- नेपाल सरकारको नियमित बजेटबाट १७ वटा भवन निर्माण सम्पन्न र DFID को MIPP परियोजना अन्तर्गत २० वटा भवनहरू प्रहरीलाई हस्तान्तरण ।
- ADB को सहयोगमा सञ्चालित महिला तथा बालबालिका सेवा केन्द्र स्थापना सम्बन्धी परियोजना अन्तर्गत धादिङ, रसुवा, सुर्खेत, सप्तरी, सिराहा, महोत्तरी, प्यूठान र रोल्पा गरी ८ जिल्लाहरूमा महिला तथा बालबालिका सेवा केन्द्र भवनहरूको उद्घाटन गरिएको ।
- नेपाल प्रहरीमा Automated Fingerprint Identification System (AFIS) को स्तरोन्नतिका लागि UNOPS र SAFRAN बीच सम्झौता सम्पन्न भएको ।
- Data Center निर्माण सम्पन्न गरी प्रहरी प्रधान कार्यालय कम्प्युटर निर्देशनालयमा रहेका Core Network लगायतका system relocate गर्ने कार्य भई मिति २०७५।०५।०४ गते संगठन प्रमुख प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालबाट समुद्घाटन भएको ।
- आसरा सुधार केन्द्रको बिस्तार कार्यक्रम अन्तर्गत प्रदेश नं १ को धरानमा भवन निर्माण कार्य सम्पन्न गरी सञ्चालनको चरणमा रहेको ।
- १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रका लागि ५० रोपनी, २ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रका लागि ८२ बिगाहा, गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रका लागि ७६८ रोपनी, ३ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालयको लागि १० कठ्ठा र गण्डकी प्रदेश, दङ्गा नियन्त्रण प्रहरी गणका लागि २१२ रोपनी लगायत विभिन्न प्रहरी एकाइहरूको लागि ठूलो परिमाणमा जग्गा प्राप्त गरिएको ।

## ९. सूचना तथा संचार प्रविधिको पुर्बाधार विकास

क) **Traffic Communication App को निर्णाण तथा संचालनः**

सवारी दुर्घटना न्यूनिकरण तथा ट्राफिक व्यवस्थापनका लागि लामो दुरीमा चल्ने यात्रुबाहक सवारी साधनहरुमा दुई जना सवारी चालक हुनु पर्ने कानूनी व्यवस्थालाई प्रविधि मार्फत कार्यान्वयन गर्न गराउन मिति२०७५।१०।२७ गते देखि काठमाण्डौको नागढुङ्गा, सप्तरीको शम्भुनाथ, सर्लाहीको कर्मैया, नवलपरासी पश्चिमको सुनवल, बाँकेको कोहलपुर र कैलालीको अत्तरीया गरी ६ वटा ट्राफिक चेक प्वाइन्टहरुमा यस प्रविधिलाई संचालनमा ल्याईएको।

ख) **CCTV जडान तथा संचालन सम्बन्धमाः**

१. काठमाण्डौं महानगरपालिकामा CCTV जडान तथा संचालनका लागि २०७५।११।१५ गते काठमाण्डौ महानगरपालिकाबाट नेपाल प्रहरीलाई पहिलो चरणमा रु.३ करोड रकम उपलब्ध गराउने सम्झौता अन्तर्गत काठमाण्डौ महानगरपालिका र नेपाल प्रहरीवीच सम्झौतापत्रमा हस्ताक्षर सम्पन्न भएको।

२. विभिन्न स्थानहरुमा १,२०८ थान CCTV क्यामेरा थप जडान भएको।

ग) **CUG सेवामा सुविधा थप तथा विस्तारः**

निःशुल्क तथा न्यून शुल्कमा सूचनाहरु आदान प्रदान र Bulk SMS मार्फत सांगठनिक सूचनाहरु संप्रेषण गरी सूचनाबाट सू-सूचित गराउने यो सेवामा Pre-Paid प्रयोगकर्ता, प्रहरी परिवार र पुर्व प्रहरी कर्मचारीहरुलाई समेत आवद्ध गराईएको, हालसम्म ४९,१७४ सिमहरु CUG मा आवद्ध भएको।

घ) **अन्यः**

- मिति २०७५।१२।१० गते ड्रोन थान-१ थप गरिएको।
- मिति २०७५।०२।०१ गते प्र.प्र.का.विपद व्यवस्थापन महाशाखा, महानगरीय प्रहरी कार्यालय र ७ वटा प्रदेश प्रहरी कार्यालय तथ मातहत समेतलाई रु. १३ करोड बराबरको संचार उपकरणहरु उपलब्ध गराईएको जसबाट प्रदेश सरकारका विशिष्ट व्यक्तिहरुको सुरक्षा र फिल्डमा कार्यरत ईकाईहरुलाई संचार तथा सूचना प्रवाहमा सहज भएको।

## १०. द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय समझदारीहरू

- नेपाल प्रहरीका प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल र कतारका Public Security Director General Sayd Bin Jassim Al Khulaifi बीच सुरक्षा सहयोग सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको। उक्त समझदारीबाट दुई राष्ट्रका प्रहरी संगठनहरुबीचको व्यवस्थित सूचना आदान-प्रदान तथा सँयुक्त कारवाहीद्वारा संगठित अपराध, जटिल अन्तर्देशीय अपराध एवं आतङकवाद जस्ता अपराधको नियन्त्रणमा उल्लेख्य सहयोग पुग्नेछ।

- संयुक्त अरब इमिरेट्समा सम्पन्न भएको अन्तराष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को वार्षिक साधारण सभामा सहभागिता जनाइएको।

## ११. राष्ट्रिय तथा अन्तरराष्ट्रिय पुरस्कार

- नेपाल प्रहरीले आफ्नो आन्तरिक प्रशासनमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरेको मात्र नभएर सूचना प्रविधिको उत्कृष्ट उपयोगद्वारा नागरिकलाई सहज एवं सुलभ सेवा प्रवाहको लागी Living with ICT द्वारा "Digital Governance ICT Award 2018" द्वारा सम्मानित।

- जापानस्थित Asian-Oceanian Computing Industry Organization (ASOCIO) द्वारा सूचना प्रविधिको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सरकारी संस्थालाई प्रदान गर्ने "ASOCIO 2018 Digital Government Award" द्वारा नेपाल प्रहरी सम्मानित।

- संयुक्त राष्ट्र संघीय वातावरणीय कार्यक्रम अन्तर्गत नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले "Asia Environmental Enforcement Award 2018" प्राप्त गर्न सफल भएको।

## १२. समुदाय-प्रहरी साझेदारी अवधारणा

- मिति २०७५/०७/११ गते माननीय गृहमन्त्री ज्यूबाट समुदाय-प्रहरी साझेदारी कार्यक्रमको समुद्घाटन भई देशभर कार्यक्रम सञ्चालन भई रहेको।

- यसअन्तर्गत ७५३ स्थानीय तहहरू मध्ये हालसम्म ७५१ वटा स्थानीय तहसँग समझदारीपत्रमा हस्ताक्षर भैसकेको।

- जिल्ला समिति ७७, पालिका समिति ७४२, वडा समिति ५४६३, टोल समिति ५७३८ र प्रहरी विद्यालय सम्पर्क समिति ६२९५ गरी देशभर १८,३१५ वटा विभिन्न समितिहरू गठन भैसकेको।

- विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नको लागि पाठ्यक्रम तयार भैसकेको छ भने अन्य विविध कार्यविधिहरू निर्माणको चरणमा रहेको।

- दाइजो प्रथा, बाल विवाह, जबरजस्ती करणी, बालश्रम शोषण, साइबर अपराध, मानव बेचबिखन, घरेलु हिंसा लगायतका अपराध विरुद्ध चेतना जगाउन जानकारीमूलक PSA (Public Service Announcement) निर्माण गरी विद्यार्थि एवं नागरिकलाई सु-सूचित गर्न उपयोग भईरहेको ।

- समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत निर्माण गरिएका सम्पूर्ण सामाग्रीमा देशभरका प्रहरी ईकाईहरुको सहज पहुँच सुनिश्चित गर्न नेपाल प्रहरीको intranet: nepol.cd मा Digital Resource Center स्थापना गरी यससंग सम्बन्धित अवधारणापत्र, कार्यविधी, प्रशिक्षण सामाग्री, सचेतना PSA लगायत सम्पूर्ण सामाग्रीहरु राखिएको ।

- यस अवधारणाले अघि सारेको कार्यक्रमहरू सञ्चालन गर्नको लागि हालसम्म लेभल १ मा २९३ जना (प्रदेश स्तरीय), लेभल २ मा २४८२ जना (जिल्ला स्तरीय) र लेभल ३ मा ७२८१ जना (ईलाका, वडा स्तरीय) गरी १०,०५६ जना प्रहरी कर्मचारीहरूलाई प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण तालिम प्रदान गरिएको ।

- समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत स्थानीय निकाय, नेपाल प्रहरी, सामाजिक संघसंस्थाको सकृयतामा मुलुकका बिभिन्न स्थानहरुमा १३५७ वटा CCTV जडान गरी सञ्चालनमा आएको ।

- समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत बिभिन्न स्थानहरुमा नेपाल प्रहरीका स्थानीय ईकाईहरुको सुदृढीकरणको लागी सवारी साधन, कार्यालय भवन लगायतका विविध सहयोग प्राप्त भएको ।

- हालसम्म सामुदाय केन्द्रित कार्यक्रममा ३७५,५८८ जना नागरिक र प्रहरी-विद्यालय सम्पर्क कार्यक्रममा १९७,१३८ जना विद्यार्थि, अभिभावक तथा शिक्षक/शिक्षिका सहभागी भएको ।